नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक २२० २०७७ साल असार १० गते बुधबार (24 June 2020 Wednesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिवाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : लकडाउनमा युवा ... ३ पृष्ठमा : सांसदको प्रश्नः मल,बि ... ३ पृष्ठमा :कोरोना भाइरसबाट विश्वमा ४ लाख...

# गर्भवति महिला र उनकी तीन वर्षिया छोरी कोरोना मुक्त



**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

सप्तरीका एक गर्भवति महिला र उनकी तीन वर्षिया छोरीको पिसिआर परिक्षण रिपोर्ट नेगेटिभ आएपछि मंगलबार उनीहरु डिस्चार्ज भएका छन् ।

कोरोना संक्रमित भई उपचार्थ राजविराजस्थित साइकृष्ण अस्पतालको आइसोलेशन कक्षमा भर्ना भएकी कोरोना संक्रमित भई गत जेठ १४ गते आइसोलेशन कक्षमा भर्ना भएकी थिइन् ।

सप्तरीको बलानबिहुल गाउँपालिका वडा नं. ५ रामनगरकी निर्मलादेवी यादव र उनको तीन वर्षिया छोरी अंजलीलाई गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. रन्जित झा लगायतले फुलमाला, अबिर लगाएर बिदाई गरे ।

अस्पतालका मेसु डा. झाले दुई पटक गरिएको पिसिआर परिक्षण रिपोर्ट नेगेटिभ आएपछि डिस्चार्ज गरिएको जानकारी दिँदै डिस्चार्ज भएकी अन्जलीकी आमा गर्भवति समेत रहेको जानकारी दिए । २७ दिन पछि कोरोनाबाट निको भई घर फर्किन लाग्दा निकै प्रसन्न देखिएकी आमाछोरीलाई बिदाई गर्दा अस्पतालका मेसु डा. झाले घरमा पनि आवश्यक सर्तकर्ता अपनाएर बस्न सल्लाह दिए ।

आमाछोरी एक महिनाअघि भारतको हरियाणबाट घर फर्केकी थिइन् । उनलाई गाउँपालिकाद्वारा निर्माण गरिएको क्वारेन्टाइनमा राखिएको तथा स्वाब परिक्षणको रिपोर्ट पोजेटिभ देखिएपछि आइसोलेशनमा पठाइएको बलानविहुल गाउँपालिका स्वास्थ्य चौकीका संयोजक मो. नसिम राइनले बताए ।

# सप्तरीमा थपिए १९ संक्रमित, संक्रमितको संख्या १ सय ९५

**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

सप्तरीमा मंगलबार एक महिलासहित १९ जनामा कोरोना संक्रमण फेला परेको छ । यो सँगै जिल्लामा कोराना संक्रमितको संख्या १ सय ९५ पुगेको छ ।

मंगलबार एकै दिन यत्रो ठूलो संख्यामा जिल्लामा पहिलो पल्ट संक्रमित फेला परेको हो । पछिल्लो पटक संक्रमित फेला परेका मध्ये १६ जना तिलाठी कोइलाडी गाउँपालिकाका छन् भने ३ जना हनुमाननगर कंकालिनी नगरपालिकाका हुन् ।

१६ दिन अघि भारतका

*बाँकी तीन पृष्ठमा*

# नागरिकता ऐन संशोधन प्रस्तावको बिरोधमा प्रधानमन्त्रीको पुतला दहन

**चन्दन यादव**
**राजविराज, ९ असार ।**

जनता समाजवादी पार्टीका यूवा विद्यार्थीहरुले मंगलबार राजविराजमा नागरिकता ऐन संशोधन प्रस्तावको खारेजीको माँग गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीको पुतला दहन गरेका छन् ।

नागरिकता ऐन संशोधन प्रस्ताव संविधानको मर्म विपरीत रहेको भन्दै मंगलबार राजबिराजमा युवाहरूले सोको बिरोध गर्दै प्रधानमन्त्रीको पुतला जलाएका हुन् । उनीहरुले बिभेदकारी नागरिकता बिधेयक खारिज गर्नुपर्ने माँग गरेका छन् ।

स्थानिय शिवमन्दिरको प्राङ्गणबाट निकालिएको बिरोध ज्याली नगरको विभिन्न ठाउमा प्रदर्शन गर्दै दशन चौकमा बिरोध सभामा परिणत भएको थियो । बिरोध प्रदर्शन गर्दै उनीहरुले प्रधानमन्त्री ओलीको पुतला दहन गर्ने क्रममा प्रहरीसँग घम्साघम्सी समेत भएको थियो ।



सो बिरोध सभामा जनता

*बाँकी तीन पृष्ठमा*

# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाता नं.: १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

"सुखी नेपाली सम्वृद्ध नेपालः लैङ्गिक हिंसा मुक्त समाज ।"
"अबको गन्तव्यः लैङ्गिक हिंसा अन्त्य ।"
"तीन तहको सरकारः लैङ्गिक हिंसा अन्त्य सबैको सरोकार ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
Best Remit Quick & Easy
City Express Money Transfer
IME pay
MoneyGram money transfer

## सम्पादकीय ....

### नागरिकता विधेयकमा असन्तुष्टिप्रति ध्यान पुगोस्

सरकारले विदेशी बुहारीलाई विवाहको सात वर्षपछि मात्र नागरिकता दिने विधेयक ल्याएपछि अहिले सप्तरीसहित तराई मधेशका जिल्लाहरुमा दिनहुँ बिरोध प्रदर्शन भइरहेको छ । नेपाली काँग्रेस र जनता समाजवादी पार्टीले सो विधेयक बिरुद्ध दिनहुँ प्रदर्शन गरिरहेका छन् । यसअघि नेपालमा विदेशी बुहारीलाई विवाह हुने बित्तिकै बैवाहिक अंगिकृत नागरिकता दिने प्रावधान रहेको थियो । यस विधेयकको मारमा सबैभन्दा बढी तराई मधेशका जनतामा परेको छ । भारतसँग सिमानाका रहेको मधेशका अधिकाशं जिल्लाहरुमा दुबै देशका छोरीहरुको विवाह हुने गरेको छ । यो सदियौंदेखी चलिआएको पराम्परा हो । यी दुबै देशबीचको बैवाहिक सम्बन्ध कहिलेदेखी चलिआएको भन्ने कुरा कसैले भन्न सकेको छैन् । यस्तो अवस्थामा हाल नेपाल सरकारले ल्याएको नागरिकता विधेयक अमान्य रहेको भन्दै बिरोध भइरहेको छ ।

भारत र नेपालबीच बैवाहिक सम्बन्ध मात्र नभएर साँस्कृति, सामाजिक र आर्थिक सम्बन्ध पनि बिना रोकटोक अहिलेसम्म चल्दैआएको छ । यस विधेयकका कारण भविष्यमा ती सबै सम्बन्धमा चिसोपन आउने निश्चित छ । यस विधेयकका कारण कोही पनि विदेशी छोरीले नेपालमा विवाह गर्छन भने उसले नागरिकताका लागि सात वर्ष कुर्नै पर्छ । जस कारण उ सबै कानुनी अधिकारबाट सात वर्षसम्म बञ्चित हुनेछन् ।

तसर्थ यस्ता विधेयक ल्याउनु पूर्व सबै राजनीतिक दलको समर्थन आवश्यक पर्दछ । तर, दुई तिहाईका वर्तमान सरकारले आफूखुशी ल्याएको यस विधेयकमा तराई मधेशबाट मात्र नभएर पहाडी भेगका जनताबाट समेत बिरोध भइरहेकोले यस्ता विधेयक पारित गर्नुअघि सरकारले पुनः एक पटक विचारका साथै सम्पूर्ण राजनीतिक दलको धारणा सुन्नु पर्ने आवश्यकता रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# लकडाउनमा युवा शक्तिले देखाएका उद्धारता



**अमरनाथ मण्डल**

देश लकडाउनको बेला रहेको अवस्थामा देशका अधिकांश काम गरी दैनिक ज्यालादारी गरी खानेहरुको हातमुख जोर्न झन् समस्या परेको अवस्थामा राज्यबाट केही न्युन मात्रामा राहतको नाममा स्थानीय निकायबाट राहत वितरण गरेको सन्दर्भ लिए । विवादित बनेका राहत वितरण प्रक्रियाले गर्दा गरिब, दलित तथा ज्यालामजदुरी गरी जीवनयापन गर्ने सर्वसाधारणलाई समयको बेला अन्नको एक दाना पनि महत्वपूर्ण रहेको छ ।

अहिले एक चोटी मात्र स्थानीय निकाय तथा प्रदेश सरकारबाट राहत वितरण भएको सन्दर्भ लिएर यातायात सुविधाहरु संचालन भएकोले दैनिक ज्यालादारी गर्न अहिले पनि कठिनाई भईरहेको कारणले गर्दा दलित तथा दैनिक ज्यालादारी गर्नेहरु दिनको छाक टार्न धौ-धौ परिरहेको छ । यसै सन्दर्भमा राजविराज नगरपालिका वडा नं. ९ मलेठ बस्ने जवाहर लाल यादवले एउटा युवा तथा व्यापारी व्यवसायी गरी कार्य क्षेत्रमा संलग्न रही मानवताको दर्तालाई सार्थक सिद्ध गर्ने पूर्ण लकडाउनको बेला राजविराज ९ स्थित मलेठका बिहारपुर बस्ने ५०० प्रति परिवारलाई राहत वितरण गरेको उदाहरुणहरु हाम्रो सामु रहेको छ । नैतिकताको आधारमा कुनै सरकारी निकाय तथा गैर संघसंस्थाहरुसँग आवद्ध नभएतापनि आफ्नो मनोभावनाका कारण मलेठका मुसहर बस्ती, चमार बस्ती लगायत मुस्लिम वस्तीहरुमा २० केजी, २ केजी र १ लि. तेल जस्ता नुन एक प्याकेट र अन्य सामग्रीहरु वितरण गरी आफ्नो उद्धारतालाई सार्थक सिद्ध गरेका छन् ।

युवाको रुपमा समाजसेवामा सक्रिय भुमिका रहँदै आएका जवाहर लाल यादव मलेठ-९ बस्ने शंकर यादवको जेठो छोरा रहेको अवस्थामा जवाहर यादव हालसम्म वहाँको घरमा पुग्ने गरिब, दलित, तथा ज्यालादारी गरी खाने व्यक्तिहरुलाई त्यही अनुरुप चामल, दाल र तेलको वितरण गरी राहत पुऱ्याई रहेका छन् । नेपाल सरकारसँग आवद्ध स्थानीय निकायले असार मसान्तको बेलामा आफू कमिशनको लागि जनप्रतिनिधिहरुले उपभोक्ता समिति तथा टेण्डर कोटेशनमा भ्रष्टाचारको नियतले लाखौं बजेटलाई दुरुपयोग गर्ने मनसाय अहिले स्पष्ट देखिन्छ । लुकी छुपी आफ्नो नजिकको मानिसहरुलाई उपभोक्ता समिति बनाई उपभोक्ता समितिबाट निर्मित कार्यहरुको रेखदेख गर्ने अनुगमन गर्ने निकायहरु सक्रियता नभएको कारणले यस पाली देशले विषम परिस्थितिमा रहेको अवस्थाले पनि स्थानीयको विकासीय बजेटतिर बढी उन्मुख हुनु तथा कोरोना नियन्त्रण रोकथाम लगायत क्वारेन्टाइन र आईसोलेसन तर्फ ध्यान नदिएको अवस्था देखिन्छ । जसको कारणले गर्दा क्वारेन्टाइनको अवस्थाले दिनहुँ क्वारेन्टाइनबाट सर्वसाधारणहरुले भाग्ने गरेको समाचार सार्वजनिक भईरहेका छन् । दिनप्रतिदिन कोरोना भाइरसको जोखिम र त्रास बढी रहेको अवस्थामा स्थानीय निकायहरुले असार मसान्तको बजेट मार्फत कमाउन धन्धा बनाईरहेको अवस्था सिर्जना भइरहेको छ ।

विकासीय बजेट सहि सदुपयोग हुनको लागि जनताको पैसा जनतामा निहित हुनको लागि स्थानीय निकाय लगायत काम गर्न बनाएका उपभोक्ता समितिहरुले बुझ्नु पर्ने अवस्था देखिन्छ । त्यसमा पनि युवा पिढीहरुको भुमिकामा सक्रियता हुनुपर्ने अवस्था आफूमा सिर्जना गर्नुपर्छ । देश युवा पिढीहरुले नै बन्ने अवस्था रहेकोले जनताको पैसालाई सहि दिसातिर उन्मुख गर्नको लागि युवा पिढीहरु सक्रियताको भुमिका निर्वाह गर्नुपर्ने अवस्था देखिन्छ । त्यस्तै जवाहर लाल जस्तो युवाहरुको भावनालाई हरेक क्षेत्रबाट सम्मान गरी युवाहरुको मनोबल बढाउनु पर्ने अवस्थाको सिर्जना गर्नुपर्छ ।

मलेठका युवा जवाहर लाल यादवले देखाइरहेका उदारतालाई स्थानीय निकायका जनप्रतिनिधिहरु समेत साझेदारी भागी बनी पीडामा परेका निमुखाहरुलाई सहयोग गरी उदारताको परिभाषालाई चारितार्थ गर्नुपर्ने अवस्था देखिन्छ । अहिले बजारहरुमा भिडभाडको कारण कोरोना भाइरसको जोखिम दिन प्रतिदिन बढ्ने डर र त्रास रहेकाले बिना मास्क लगाई तथा अन्य सावधानी नअपनाएको अवस्थामा सप्तरी जिल्लामा भाइरसको प्रकोप झन् बढ्ने अवस्थाको सिर्जना हुन सक्छ । त्यसमा युवा पिढीहरुले तथा युवा संगठनहरुले सक्रियताको साथ जागरुक अभियानहरु संचालन गरी सचेतनाको माध्यमहरुलाई परिपालन गर्न तिर युवा शक्तिहरु उन्मुख हुनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ । अहिले पनि कतिपय दलित तथा निमुखाहर रोजगारी नपाई बिचल्लन मनोस्थितिमा रहेकोले एक छाक पनि खाना नखाने अवस्थामा धौ-धौ परिरहेका बेला जवाहर यादव जस्तो उदारताको अवस्था सिर्जना गर्नुपर्छ र अहिलेको आवश्यकता पनि त्यही रहेको छ ।

# कोभिड-१९ मा खर्च गर्न निर्देशन

काठमाडौँ, ९ असार (रासस) ।

सरकारले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको खर्च नभएको रकम कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचार गर्न स्थानीय तहलाई निर्देशन दिएको छ ।

स्थानीय पूर्वाधार कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को तेस्रो संशोधन गर्दै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आव २०७६/७७ को कार्यक्रम आयोजनालाई छुट्याइएको तर खर्च गर्न बाँकी रकम कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि खर्च गर्न निर्देशन दिएको हो ।

केही दिन अघि बसेको मन्त्रिपरिषद् बैठकले कार्यक्रमलाई खर्च नभएको रकम कोभिड-१९ नियन्त्रणमा गरिने निर्णय गरेसँगै मन्त्रालयले कार्यक्रम निर्देशक, समितिका संयोजकले अन्य सदस्यसँग परामर्श गरी सबै स्थानीय तहको कोभिड-१९ नियन्त्रण गर्न निर्देशन दिएको मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार कार्यक्रमको कुनै आयोजनामा खर्च नभई बचत रहेको रकम स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा राखी कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि खर्च गर्ने छन् । कार्यक्रमको बाँकी रकम यही असार १५ गतेसम्म स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा जम्मा गर्न भनिएको छ । खरिद प्रक्रियामा नै नगई बाँकी रकम ठेक्का व्यवस्थापन गर्दा बचत हुन गएको र निर्माण व्यवसायी तथा उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिमको कामको बाँकी रकम जम्मा गर्न निर्देशन दिइएको मन्त्रालयका प्रवक्ता अधिकारीले बताउनुभयो ।

निर्देशनमा सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रमअन्तर्गत आफ्नो गाउँपालिका तथा नगरपालिकामा विनियोजन भएको रकममध्ये बचत हुने रकम एकीन गरी कार्यक्रम निर्देशक समितिका संयोजक र जिल्ला समन्वय समितिलाई जानकारी गराउने भनिएको छ ।

# जनमत शिक्षक संघ सप्तरीको जिल्ला तदर्थ समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

जनमत पार्टीको भातृ संगठन जनमत शिक्षक संघ सप्तरी जिल्ला तदर्थ समिति मंगलबार गठन भएको छ ।

राजविराजस्थित पार्टीको कार्यालयमा आयोजित एक कार्यक्रमबीच अशोक कुमार साहको संयोजकत्वमा २१ सदस्यीय जनमत शिक्षक संघ गठन गरिएको हो ।

सो समितिको सहसंयोजकमा दिपक सिंह, सचिवमा शिवशंकर साह, सहसचिवमा ओमप्रकाश रजक र कोषाध्यक्षमा ललिता सिंहलाई चयन गरिएको जनमत पार्टीका जिल्ला संयोजक सूर्यदेव सिंहद्वारा जारि विज्ञप्तिमा उल्लेख छ ।

यस्तै सदस्यहरुमा बिरेन्द्र कुमार यादव, राम भरोष साह, सुधा साह, रमेश प्रसाद साह, मनोज कुमार यादव, जलेश्वर साफी, राधेश्याम यादव, रामप्रकाश यादव, शिवशंकर साह, खुशिलाल मण्डल, रोशन कुमार कर्ण, सुनिल राज मंडल, पंकज झा, रबिन्द्र यादव, बिरेन्द्र यादव र श्याम यादवलाई चयन गरिएको छ ।

जनमत शिक्षक संघका केन्द्रिय सदस्य त्रिथानन्द यादवको अध्यक्षतामा तथा जनमत पार्टीका केन्द्रिय सदस्य सुरेन्द्र मधेशीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा विशिष्ठ अतिथि जिल्ला इन्चार्ज सूयदेव यादव, पार्टीका केन्द्रिय सदस्य सरेन्द्र नारायण यादव, जनमत शिक्षक संघका केन्द्रिय सदस्य श्रवण शर्मा, लोकेन्द्र ठाकुर, जितेन्द्र झा, रामकुमार शर्मा, चन्देश्वर मण्डल, युवा जनमत संघका संयोजक मनोज कुमार यादव, नगर संयोजक नारायण यादव लगायतको उपस्थिति रहेको थियो ।

# सांसदको प्रश्न: मल, बीउ नपाएर किसानले कहिलेसम्म रुनुपर्ने हो ?

काठमाडौँ, ९ असार (रासस)।

मानो रोपेर मुरी उब्जाउने समयमा मल तथा बीउ नपाएर किसान छट्पटिएकाले तत्काल मल र बीउ उपलब्ध गराउन सांसदले सरकारको ध्यानाकर्षण गराउनुभएको छ। प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा सांसदले नेपाल कृषिप्रधान देश भए पनि सरकारले कृषि क्षेत्रप्रति बेवास्ता गरेको गुनासो गर्नुभयो। उहाँहरुले कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको एक तिहाइ योगदानलाई नभुल्न सरकारको ध्यानाकर्षण गराउँदै देशव्यापी रुपमा देखिएको मल तथा बीउको अभावको समस्या समाधान गर्न माग गर्नुभयो।

सांसद लक्ष्मीकुमारी चौधरीले प्रश्न गर्नुभयो, "मल बीउ नपाएर किसानले कहिलेसम्म रुनु पर्ने हो ?" सांसद भरकुमार शाहले किसान धमाधाम बर्खेखेती लगाउन व्यस्त रहेका अवस्थामा रासायनिक मलको चरम अभाव भएको जनाउनुभाये। सांसद राजेन्द्रकुमार राईले किसानलाई तत्काल रासायनिक मल उपलब्ध गराउन माग गर्नुभयो।

सांसद बृजेशकुमार गुप्ताले सामुदायिक विद्यालयको गुणस्तर दिनप्रतिदिन खस्कँदै गएकाले तत्काल शैक्षिक गुणस्तर सुधार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले अस्थायी, राहतलगायत शिक्षकलाई हटाएर स्थायी शिक्षक मात्र राख्न सरकारसँग माग गर्नुभयो।

सांसद रानी मण्डलले क्वारेन्टिनबाट कोरोना सर्ने अवस्था आएको उल्लेख गर्दै यसलाई व्यवस्थित बनाउन माग गर्नुभयो। उहाँले क्वारेन्टिनहरुको अवलोकन गर्न सरकारलाई आग्रह गर्नुभयो। सांसद भीमसेनदास प्रधानले सवारी साधनमा भौतिक दूरी कायम गर्न कठिन हुने भएकाले शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिन माग गर्नुभयो।

सांसद भैरवबहादुर सिंहले सुदूरपश्चिममा भारतबाट आउने क्रम नरोकिएकाले कोरोनाको चुनौती थप बढेको जनाउँदै क्वारेन्टिनमा बसेका सबै नागरिकको पिसिआर परीक्षण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद मीना सुब्बाले मृत्युपछि मात्र कोरोना परीक्षणको रिपोर्ट आएकाले यसको नियन्त्रणमा सरकार चुकेको आरोप लगाउनुभयो।

सांसद मनकुमारी जिसीले विदेशमा अलपत्र नागरिकलाई उद्धार गरेर ल्याउनु सरकारको सकारात्मक कदम भएको उल्लेख गर्दै क्वारेन्टाइन्लाई थप व्यवस्थित बनाउन माग गर्नुभयो। सांसद महेश्वरराज गहतराजले महिला हिंसा र जातीय विभेदको घटना बढेकामा चिन्ता व्यक्त गर्दै सामाजिक अपराध नियन्त्रण गर्नका लागि ठोस कदम चाल्न आग्रह गर्नुभयो।

सांसद रङ्गमती शाहीले क्वारेन्टिनमा महिला बलात्कृत हुने अवस्थाप्रति चिन्ता व्यक्त गर्दै दोषीमाथि कडाभन्दा कडा कारवाही गर्न माग गर्नुभयो। सांसद रामकुमारी चौधरीले बन्दाबन्दी अवधिमा ३७३ बलात्कार, ३४ बहुविवाह र आठ बोक्सीसम्बन्धी घटना भएको जनाउँदै गम्भीर जघन्य आपराधिक घटना नियन्त्रण गर्न माग गर्नुभयो। सांसद लक्ष्मी परियारले रुकुम(पश्चिम) घटनामा संलग्नलाई तत्काल कारवाही गर्न माग गर्नुभयो।

सांसद भवानी खापुङले पुष्पलाल लोकमार्गअन्तर्गत पूर्वी क्षेत्रमा बन्ने पुलको अझै निर्माण हुन नसकेको जनाउँदै ठेकेदारलाई ताकेता गर्न माग गर्नुभयो। सांसद मीनबहादुर विश्वकर्माले लकडाउनदेखि अन्तिमसम्मको अवधिलाई 'शून्य' समय मानी घरधनीले घरभाडा नलिने, बैंकले ब्याज नलिने, विद्यालयले शुल्क नलिने र दैनिक ज्यालादारी श्रमिकलाई मासिक रु सात हजार दिने व्यवस्था गर्न प्रस्ताव गर्नुभयो।

सांसद मीनेन्द्रप्रसाद रिजालले सरकारले फजुल खर्च नियन्त्रण गर्न नसकेको आरोप लगाउनुभयो। सांसद मोहन बानियाँले तत्काल नागरिकता विधेयक सदनमा पेश गर्न माग गर्नुभयो। सांसद रामबहादुर विष्टले भ्रष्टाचार नियन्त्रणमा सरकारले उदासीनता देखाएको आरोप लगाउनुभयो। सांसद यज्ञराज सुनुवारले कामचोर र ठग ठेकेदारका लागि कोरोना बहाना मिलेको जनाउँदै सार्वजनिक खरीद ऐन संशोधन गरेर मुलुकप्रति घात गर्ने ठेकेदारलाई कारागार हाल्ने व्यवस्था मिलाउन माग गर्नुभयो। सांसद रामकुमारी झाँक्रीले साना उद्यमीलाई कोरोनाका कहरबाट जोगाउनका लागि उचित राहत प्याकेज ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

## *सप्तरीमा थपिए १९ ...*

विभिन्न सहरबाट घर फर्केका उनीहरुलाई तिलाठी कोइलाडी गाउँपालिका तथा हनुमाननगर कंकालिनी नगरपालिकास्थित क्वारेन्टाइनमा राखिएको थियो।

संक्रमित मध्ये १६ जनाको परिक्षण रिपोर्ट गजेन्द्र नारायण सिंह अस्पतालस्थित पिसिआर प्रयोगशालाबाट पोजेटिभ देखिएको अस्पतालका मेसु डा. रन्जित झाले बताए।

यस्तै हनुमाननगर कंकालिनी नगरपालिकाका ३ जनाको जनकपुरस्थित पिसिआर परिक्षण प्रयोगशालाबाट प्राप्त रिपोर्टले पोजेटिभ देखाएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले बताएका छन्।

जिल्लामा हालसम्म फेला परेका कुल १ सय ९५ संक्रमित मध्ये ९० जना निको भएर घर फर्किसकेका छन् भने १ सय ५ जना अझै आइसोलेशनमा राखि उपचार कार्य भइरहेको गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. झाले जानकरी दिए।

हाल सम्ममा सप्तरीको १८ मध्ये १६ वटा स्थानिय तहमा कोरोना संक्रमित देखिसकिएको छ।

## *नागरिकता ऐन ...*

समाजवादी पार्टीका नेता दिनेश यादबले नेपाली नागरिकसँग विवाह गरेर आउने विदेशी महिलाले अंगीकृत नागरिकता पाउन लगातार ७ वर्ष नेपालमा बस्नुपर्ने भनी पेस गरिएको संविधान संशोधन प्रस्तावको खारेजको माँग गरेका छन्।

यस्तै जसपा नेपालका बिद्यार्थी नेता शम्भुकुमार यादबले अन्तरिम संविधान २०६३ ले गरेको व्यवस्थाबाट पछि हट्ने र नागरिकलाई दिइएको अधिकार कटौति हुने भन्दै नागरिकता ऐनमा प्रस्तावित संशोधन संघीय कानून विपरित हुने र यसले संविधान नै संशोधन हुने बताएका छन्।

बिरोध कार्यक्रममा राजबिराज नगरपालिका प्रमुख शम्भुप्रसाद यादब, जनता समाजवादी पार्टीका युवा नेता केदार यादब, सुनिल कुमार झा, सत्यनारायण यादब, लक्ष्मण यादब, किशोर कुमार यादब, विशाल यादब, शिवशंकर यादब, संजय यादब, मनोज झालगायत दर्जनौ युवाबिद्यार्थी तथा जनता समाजवादी पार्टी नेताहरूको उपस्थिती रहेको थियो।




## विश्व समाचार

### कोरोना भाइरसबाट विश्वमा चार लाख ७४ हजारभन्दा बढीको मृत्यु, ९१ लाख ९४ हजारभन्दा बढी संक्रमित

जेनेभा स्वीट्जरल्याण्ड, ९ असार (रासस/एएफपी)।

कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ४ लाख ७४ हजार ५०३ पुगेको छ। साथै यस संक्रमणबाट विश्वभर ९१ लाख ९४ हजार ९६० जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्वारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ।

नेपाली समयानुसार मङ्गलबार अपराह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ४९ लाख ४१ हजार ७४६ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ३७ लाख ७८ हजार ३११ व्यक्ति उपचाररत रहेका छन्। संक्रमितहरुमा ५७ हजार ९१३ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २३ लाख ८८ हजार २२५ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख २२ हजार ६११ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा १८ लाख १७ हजार ३२२ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ ७२ हजार ६२९ जनाको मृत्यु भएको छ।

उत्तर अमेरिकामा २७ लाख ७४ हजार ८६४ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ५६ हजार २२३ जनाको मृत्यु भएको छ। युरोपमा २३ लाख २७ हजार ७२३ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ८७ हजार ९५४ को मृत्यु भएको छ।

एसियामा १९ लाख ४६ हजार ३७९ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ४९ हजार १८७ जनाको मृत्यु भएको छ। अफ्रिकामा ३ लाख १८ हजार ३२१ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ८ हजार ३७१ जनाको मृत्यु भएको छ। ओसियानामा ९ हजार ११५ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२४ जनाको मृत्यु भएको छ।

### हजमा सीमित व्यक्तिमात्र उपस्थित हुने साउदी सरकारको भनाई

रियाद, ९ असार (रासस/एएनआई)।

साउदी सरकारले यस पटक अत्यन्तै थोरै संख्यामा उपस्थित मानिसहरुलाई हजका लागि उपस्थित हुन दिने जनाएको छ। विश्वभर फैलिएको कोरोना भाइरसको महामारीका कारण यस पटक साउदी अरेबियाको सरकारले हजका लागि थोरै व्यक्तिलाई मात्र उपस्थित हुन दिने जनाएको छ।

आगामी जुलाई महिनाको अन्त्यतिर आउन लागेको सो हजमा कोरोना भाइरसको प्रकोप फैलिने खतराका कारण धेरै संख्यामा मानिस जम्मा हुन नदिने घोषणा गरेको मङ्गलबार अल जाजिरा मिडियाले जनाएको छ। साउदी अरेबियामा हरेक वर्ष विश्वका मुस्लिम समुदायका लाखौँ व्यक्ति उपस्थित हुने गरेको छन्। यस पटक पनि हजको समय नजिकिँदै गर्दा आएको विश्वव्यापी चासोपछि उक्त साउदी अरेबियाली सरकारले यस्तो जानकारी गराएको हो।

साउदी अरेबियाको हज मन्त्रालयले सो कुराको जानकारी दिएको साउदी अरेबियाका सरकारी मिडियाले जानकारी दिएका अल जाजिराले मङ्गलबार जनाएको समाचारमा उल्लेख छ। अहिले विश्वव्यापी रुपमा कोरोना भाइरसको प्रकोप बढेको तर पनि त्यसको औषधि या खोप केही पनि नआएको अहिलेको अवस्थामा सामाजिक दुरी कायम गरेर मात्र हिँड्नु पर्ने अवस्था रहेको छ।

तर साउदी अरेबियामा लाखौँको संख्यामा विश्वका मुस्लिम समुदायका नागरिक आउने गरेका र उनीहरुकाबीचमा यस्तो सामाजिक दुरी पनि कायम गर्न गाह्रो पर्ने भएकोले यहाँको सरकारले यस्तो निर्णय गरेको बताइएको छ।

हज मुस्लिम समुदायको ठूलो तीर्थ मानिन्छ र मुस्लिम समुदायका विश्वका नागरिकहरु पनि कम्तीमा जीवनमा एक पटक हजका लागि त्यहाँ जानुपर्छ भन्ने मान्यता राख्दछन्। यसै कारणले पनि हरेक वर्ष साउदी अरेबियाको मक्कामा कम्तीमा पनि २० लाख मानिस उपस्थित हुने गर्दछन्। त्यस अवसरमा विश्वका विभिन्न देशबाट पनि मुस्लिम समुदायमा नागरिक त्यहाँ पुग्ने गर्दछन्।

त्यसैले यति ठूलो संख्याका मानिस उपस्थित हुँदा त्यसबाट पनि कारोना भाइरस फैलिन सक्ने भन्दै साउदी अरेबियाको सरकारले सो नियम बनाएको बताएको छ। साउदी अरेबियामा पनि ठूलो संख्यामा कोरोना भाइरसका संक्रमित भेटिएका छन्। त्यहाँ कम्तीमा पनि १ लाख ६० हजार मानिस यसका संक्रमित छन्।

साथै यहाँका एक हजार ३०७ जना मानिसको यो संक्रमणबाट ज्यान गएको छ। मध्यपूर्वी देशहरुमध्ये साउदी अरेबियामा सबैभन्दा बढी नागरिकको ज्यान गएको छ। यहाँ पछिल्ला केही दिनमा कोरोना भाइरसका संक्रमितको संख्या बढ्दै गएको पनि देखिएको छ। जसका कारण यहाँको सरकारले पनि निकै कडा पारेको छ। यस वर्षको हजका अवसरमा यहीँका नागरिक पनि थोरै संख्यामा मात्र उपस्थित हुने र विदेशबाट पनि थोरै मात्र मानिसलाई प्रवेशाज्ञा दिने भएको बताइएको हो।

इन्डोनेसियाले यसवर्ष २ लाख २१ हजार जनालाई हजका लागि पठाउने बताएको थियो। तर कोरोना भाइरसको प्रकोपमा सो देश पनि परेकोले यस वर्ष त्यहाँबाट कोही पनि हजका लागि मक्का नपुग्ने जानकारी गराएको छ।

# नागरिकता ऐन खारेजीको माँग गर्दै काँग्रेसका यूवा नेताद्वारा प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

नेपाली काँग्रेस सप्तरीका युवाहरुले मंगलबार सरकारको बिरुद्ध पुनः प्रदर्शन गरेका छन् ।

नागरिकता ऐन खारेजीको माँग गर्दै काँग्रेसका यूवा नेता इर्साद अन्सारीको नेतृत्वमा श्याम शर्मा, रामानन्द देव, राजकुमार देव, दिपेश देवलगायतका नेता कार्यकर्ताहरुले सो बिरोध प्रदर्शन गरेका हुन् ।

उनीहरुले राजविराजस्थित दशन चौकमा नागरिकता बिधेक खारिजको मागसँगै पिसिआर टेस्टको दायरा बढाउन माग समेत गरेका छन् ।

यसअघि सोमबार पनि उनीहरुले प्रदर्शन गरेका थिए ।

# अबिरल बर्षाका कारण राजविराजको विभिन्न स्थान जलमग्न

**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

सोमबार अबेर रातीदेखी परेको अविरल वर्षाका कारण राजबिराजस्थित विभिन्न स्थान जलमग्न भएको छ ।

रातीदेखी परेको बर्षाका कारण राजबिराज वडा नम्वर ५, वडा नं. ६ र ७ स्थित सिरहा रोड, वडा नं. ८ को हिमालय टोल तथा अदालत रोड जलमग्न हुन पुगेको हो ।

वर्षाको पानी बग्ने ठाउँ नभएर सो पानी ती वडाका अधिकाँशको घरमा पसेको थियो । घर घरमा पानी पसेपछि स्थानीयहरुले सास्ती व्यहोर्नु परेको थियो ।

यता राजविराजस्थित सिरहा रोड पूर्ण रुपले जलमग्न भएको थियो ।



पानीका कारण यातायातका साथै मानिसहरुलाई हिडडुल गर्न कठिनाई भएको थियो ।

अहिले राजविराजको विभिन्न वडामा सडक र नाला निर्माण कार्यका लागि खनिएको सडकहरुमा पानी जम्न पुगेको हो । निर्माणाधिन निर्माण कार्यका कारण अहिले स्थानियहरुले सास्ती व्यहोर्नु परेको छ ।

यसअघि गत वर्ष पनि सामान्य वर्षा भइहाले पनि राजविराजका अधिकांश सडकहरु जलमग्न तथा बस्तीहरुमा पानी पस्ने गर्थ्यो ।


**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्भनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*